# बेदकोट नगरपालिका कार्यालय

कञ्चनपुर

## सवारी साधन आपूर्ति सम्बन्धि शिलबन्दी वोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३/०६/२१) हिमालय टाईम्स दैनिक

बेदकोट नगरपालिका कार्यालयलाई वोलपत्र फारम साथ संलग्न स्पेशिफिकेशन वमोजिमका तपसिल बमोजिमको साधन आपुर्ति गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर, मुल्य अधिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७२/०७३ सम्मको कर चुक्ता प्रमाण पत्र र नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको आधिकारिक फर्म, कम्पनी, डिलर वा आपुर्तिकर्ताबाट तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको गोप्य शिलबन्दी वोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ ।

**वोलपत्रका शर्तहरु:**

१. वोलपत्र फाराम रु. १०००|- (एक हजार) फिर्ता नहुने गरी तिरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालय वाट र जि.वि.स. कञ्चनपुर वाट खरीद खरिद गर्न सकिने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे सम्म वोलपत्र यस कार्यालमा दर्ता गराई सक्नु पर्ने छ । दर्ता हुन आएका सिलवन्दी वोलपत्रहरु सोही दिन २:०० वजे यसै कार्यालयमा वोलपत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा वोलपत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त काम हुने छ ।

३. वोलपत्र पेश गर्दा कवोल अंकको २.५ प्रतिशत रकम धरौटी वाफत बेदकोट नगरपालिकाको नाममा रा.वा. वैंक महेन्द्रनगरमा रहेको धरौटी खाता नं.४१८०३०३००२०२८ मा नगद जम्मा गरी सोको सक्कल भौचर वा मान्यता प्राप्त वैंकको १२० दिन म्याद भएको विड वण्ड सक्कलै वोलपत्र साथ संलग्न गर्नु पर्ने छ । वोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ ।

४. वोलपत्र दाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुलाई सजाय नभएको भनि लिखित रुपमा गरेको घोषणा वोलपत्र साथ पेश गर्नु पर्ने छ ।

५. वोलपत्र पेश गर्दा शिलवन्दी खाम वाहिर कार्यालयको नाम, कार्यको विवरण र वोलपत्र दाता फर्मको नाम, ठेगाना, मोवाइल नं., प्रत्येक पानामा दस्तखत र छाप लागेको हुनु पर्ने छ ।

६. प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने, सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. वोलपत्र सर्त रहित, (छुट दिने कुरा बाहेक) केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्ने छ ।

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको रीत विपरित भएको वोलपत्र माथि कारवाही हुने छैन ।

९. वोलपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. वोलपत्र सम्बन्धी कागजातमा कुनै संसोधन वा हेरफेर गर्नु पर्ने भएमा सार्वजनिक सुचना प्रकाशन गरी जानकारी गराइने छ ।

११. वोलपत्र सम्वन्धी कुनै कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई सम्पर्क राखि वुझ्न सकिने छ ।

१२. वोलपत्र दररेट उल्लेख गर्दा भ्याट बाहेकको मुल्य उल्लेख गर्नु पर्ने छ ।

१३. वोलपत्र दाताले कुनै नक्कली कागज पत्र पेश गरेको पाइएमा निजको वोलपत्र रद्द गरी नियमानुसार कार्वाहि गरिनेछ ।

१४. साधन नगरपालिका कार्यालयमा दाखिला गरी प्राविधिक जाचपास गरे पछि उपयुक्त ठहरिएमा रकम भुक्तानी दिईने छ ।

१५. नेपाल सरकारलाई तिर्नु पर्ने नियमानुसारको कर दस्तुर आदि सवै वोलपत्र दाता फर्मले स्वयं व्यहोर्नु पर्ने छ ।

१६. एक फर्मको नाउँमा खरीद भएको वोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नाउँमा दाखिला गर्न पाइने छैन ।

१७. यस सूचनामा लेखिएका कुरा यसै वमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

| ठेक्का नं. | साधनको नाम | आवश्यक संख्या | वोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| ०३/२०७२/०७३ | जीप | १ (एक) | १०००/- |

कार्यकारी अधिकृत